धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३१९ ◆ २०८३ जेष्ठ २२ गते शुक्रबार, Friday, June 5, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## संयोजक थापाले बुझाउनुभयो इपिजी प्रतिवेदन राखिएको दराजको साँचो

काठमाडौं । नेपाल-भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी) को नेपालतर्फका संयोजक डा भेषबहादुर थापाले इपिजी प्रतिवेदन राखिएको दराजको साँचो परराष्ट्र मन्त्रालयलाई बुझाउनुभएको छ ।

संयोजक थापाले आफ्नो स्वास्थ्य र उमेरका कारण देखाउँदै परराष्ट्रमन्त्री शिशिर खनालको समुपस्थितिमा परराष्ट्र सचिव अमृतबहादुर राईलाई बिहीबार दराजको साँचो हस्तान्तरण गर्नुभएको मन्त्रालयले जनाएको छ ।

केही सञ्चार माध्यममा इपिजी प्रतिवेदन नै मन्त्रालयले बुझेको जस्तो सन्देश जाने गरी सार्वजनिक विषयप्रति मन्त्रालयले चासो व्यक्त गर्दै उक्त प्रतिवेदन राखेको दराजको साँचोमात्रै बुझेको स्पष्ट पारेको छ ।

नेपाल र भारत सरकारबीचका समस्याका बारेमा अध्ययन गरी समाधानका उपाय खोज्न संयुक्त रूपमा प्रबुद्ध व्यक्तिहरूको समूह गठन गरिएको थियो । सन् २०१६ मा नेपाल र भारतले उक्त समूह गठन गरी दुई वर्षसम्म अध्ययन गरी समूहले प्रतिवेदन तयार गरेको थियो । उक्त प्रतिवेदन दुवै देशका प्रधानमन्त्रीले बुझ्नुपर्ने प्रावधान भए पनि हालसम्म दुवै देशका प्रधानमन्त्रीले बुझेका छैनन् ।

## विदेश पठाउने नाममा ठगी गर्ने दुई जना पक्राउ

काठमाडौं । रोजगारीका लागि विदेश पठाउने नाममा रु २९ लाख २० हजार ठगी गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि फ्रान्स, जर्जिया, माल्टालगायत देश पठाउने बहानामा लामो समयसम्म झुक्याएर राखी विदेश नपठाई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीका आधारमा प्रहरीले सिन्धुपाल्चोकको साँगाचोकगढी गाउँ-पालिका-२ की २६ वर्षीया निमा तामाङ तथा महोत्तरीको बर्दिबास नगरपालिका-६ का २४ वर्षीय विवेक साहलाई पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक शरतकुमार थापाक्षेत्रीले जानकारी दिनुभयो ।

पक्राउ परेकामध्ये तामाङले फ्रान्स पठाउने भन्दै रु २२ लाख ८५ हजार र साहले जर्जिया र माल्टा पठाउने भन्दै रु ६ लाख ३५ हजार लिएर सम्पर्कविहीन भएका छन् । दुवै जनालाई काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी परिसर भद्रकाली, पठाइएको प्रवक्ता थापा क्षेत्रीले बताउनुभयो ।

## अपाङ्ग प्रादेशिक नीति २०८३ लाई स्वीकृत

मकवानपुर । बागमती प्रदेश सरकारले अपाङ्ग प्रादेशिक नीति २०८३ लाई स्वीकृत गरेको छ । बिहीबार बसेको मन्त्रीपरिषद् बैठकले सो नीति स्वीकृत गरेको हो ।

उक्त बैठकले प्रदेशको विभिन्न जिल्लामा 'र्‍यापटिङ' स्कुल सञ्चालन गर्न सैद्धान्तिक स्वीकृत दिएको सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले बताउनुभयो । बैठकले मुख्यमन्त्री तथा मन्त्रीपरिषद्अन्तर्गत रहेका निजामती कर्मचारीतर्फको स्वास्थ्य क्षेत्रका दुई उपसचिवहरू सागरप्रसाद घिमिरे र शतिस विष्टलाई बढुवा गर्ने निर्णय गरिएको प्रवक्ता मन्त्री तामाङले जानकारी दिनुभयो । आव २०८३/८४ को दोस्रो सातादेखि विभिन्न मन्त्रालय अन्तर्गतका कुल २०१ वटा कार्यालयलाई एकीकृत गरेर १९१ वटा कार्यालमा सीमित गर्ने निर्णय गरेको प्रवक्ता तामाङले जानकारी दिनुभयो ।

## सगरमाथामा पाँच दिनदेखि बेपत्ता शेर्पाको उद्धार

काठमाडौं । सगरमाथा आरोहणका क्रममा पाँच दिनदेखि बेपत्ता भएका दावा शेर्पाको जीवितै उद्धार गरिएको छ । यही जेठ १६ गतेदेखि बेपत्ता भएका आरोहण दलका सहयोगी शेर्पालाई पाँच दिनपछि आज जीवितै उद्धार गरेर काठमाडौं ल्याइएको हो ।



बिहीबार पर्यटन विभागका सूचना अधिकारी हिमाल गौतमले जेठ १६ गतेदेखि बेपत्ता शेर्पाको सगरमाथा प्रदूषण नियन्त्रण समितिका कर्मचारीले सगरमाथा आधार शिविर नजिकैको 'क्याम्पोन पोइन्ट'मा फेला पारेका जानकारी दिनुभयो । बेपत्ता शेर्पालाई समितिका कर्मचारीले 'क्याम्पोन पोइन्ट'बाट बोकेर गोरकशेपसम्म ल्याएका थिए ।

गोरकशेपबाट भने अल्टिच्युड एयरको हेलिकप्टरबाट काठमाडौंको ह्याम्स अस्पतालमा ल्याएर उपचार भइरहेको सूचना अधिकारी गौतमले बताउनुभयो । विभागले खोजी कार्यमा सहयोग गर्ने सम्बन्धित एजेन्सी, सरोकार भएका निकाय र उद्धारमा संलग्न सबैलाई धन्यवाद दिँदै शेर्पाको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ ।

ओखलढुङ्गाका शेर्पा 'एट के इन्टरनेशनल एभरेष्ट एक्सपिडिसन स्प्रिङ टिम ए' का तर्फबाट सहयोगी कामदारका रूपमा आरोहणमा संलग्न रहँदै आएका थिए ।

## तातो लहरसम्बन्धी बुलेटिनः १४ जिल्लामा सतर्क रहन आग्रह

*प्रत्यूष समाचारदाता*

काठमाडौं । जल तथा मौसम विज्ञान विभागले तातो दिन वा तातो लहरसम्बन्धी विशेष बुलेटिन जारी गर्दै तराईका केही जिल्लामा सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाले बिहीबार अपराह्न ४:०० बजे तातो लहरसम्बन्धी विशेष बुलेटिन जारी गर्दै विभिन्न १४ जिल्लामा सतर्क रहन र अन्य सात जिल्लामा अध्यावधिक रहन अनुरोध गरेको हो ।

जारी विशेष बुलेटिनमा आगामी तीन दिन कोशी, मधेस, बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही ठाउँमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा योभन्दा बढी रहने सम्भावना रहेको मौसमविद् सरोज पुडासैनीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बिहीबार भैरहवामा भने ४१ डिग्री तापक्रम मापन भएको छ भने नेपालगञ्जमा ४० डिग्री छ । मधेस र लुम्बिनी प्रदेशका तराई भू-भागका थोरै ठाउँमा आगामी तीन दिनसम्म मध्यम तातो लहर हुने पनि महाशाखाले जनाएको छ । "कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका तराई भू-भागका केही ठाउँमा तातो दिन हुने सम्भावना छ ।

त्यसैले गर्मीबाट जोगिने उपाय अपनाउनु होला", विभागको सूचनामा उल्लेख छ । महाशाखाले गर्मी अत्यधिक बढिरहेकाले विशेष ख्याल गर्न सबैमा अनुरोध गरेको छ ।

### सतर्क रहनुपर्ने जिल्लाहरू

विभागले बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी बर्दघाट-सुस्तापश्चिम, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरीका नागरिकलाई तातो हावा चल्नसक्ने भएकाले सतर्क रहने अनुरोध गरेको छ ।

त्यसैगरी कञ्चनपुर, कैलाली, नवलपरासी बर्दघाट-सुस्तापूर्व, चितवन, सुनसरी, मोरङ र झापा जिल्लाका नागरिकलाई सूचना अध्यावधिक सूचना हेर्न अनुरोध गरिएको मौसमविद् पुडासैनीले बताउनुभयो ।

### जोगिने उपाय

तातो हावा तथा तातो लहरबाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरू दुख्ने, बान्ता हुनेलगायत लक्षण देखिनसक्ने भएकाले सोबाट बच्न विभागले सबैमा अनुरोध गरेको छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजान र चर्को घाममा बाहिर ननिस्किन तथा हल्का लुगा (सुतीका कपडा) लगाउन मौसमविद् पुडासैनीले अनुरोध गर्नुभयो ।

उहाँका अनुसार बाहिर निस्कँदा टाउको छोप्न टोपी लगाउन नियमित ( पटकपटक) पानी तथा झोल पदार्थ (जुस, सर्बत आदि) प्रशस्त मात्रामा पिउन र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनुपर्ने छ ।

## पोखरामा गण्डकी प्रदेश विद्यालय क्रिकेट च्याम्पियनसिप हुँदै

*प्रत्यूष समाचारदाता*

कास्की । नेपाली क्रिकेटमा नयाँ पुस्ताका प्रतिभा खोज्ने लक्ष्यसहित गण्डकी प्रदेश राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिप शुक्रबार (आज) देखि पोखरा रङ्गशालाको क्रिकेट मैदानमा सुरु हुँदैछ ।

गण्डकी प्रादेशिक क्रिकेट सङ्घको आयोजनामा हुन लागेको प्रतियोगिताले विद्यालय तहबाट क्रिकेटको जग बलियो बनाउने, ग्रामिण तथा जिल्लास्तरमा लुकेका प्रतिभालाई राष्ट्रिय मञ्चसम्म पुर्‍याउने र भविष्यका राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्य लिएको आयोजकले जनाएको छ ।

प्रतियोगितामा गण्डकी प्रदेशका कास्की, नवलपुर, स्याङ्जा र पर्वत जिल्लाका उत्कृष्ट विद्यालय टोलीबीच उपाधिका लागि प्रतिस्पर्धा हुने आयोजक गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्ला स्तरीय छनोट प्रतियोगिताको विजेता विद्यालय मात्र प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने व्यवस्था गरिएको छ ।

प्रतियोगितामा कास्कीबाट डायमण्ड सेकेन्डरी स्कुल, नवलपुरबाट भिमसेन आदर्श माध्यमिक विद्यालय, स्याङ्जाबाट भगवती माध्यमिक विद्यालय तथा पर्वतबाट मङ्गलोदय माध्यमिक विद्यालय प्रतियोगितामा सहभागी हुँदैछन् ।

यस वर्ष प्रतियोगितामा थप विशेष अवसरस्वरुप सहभागी विद्यालय टोलीसँगै सम्बन्धित जिल्लाबाट छनोट गरिएका अतिरिक्त चार उत्कृष्ट खेलाडीलाई पनि टोलीमा समावेश गरिने छ । यस व्यवस्थाले विद्यालय टोलीमा नपरेका तर उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई समेत प्रदेशस्तरीय प्रतियोगितामा आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर दिने विश्वास गरिएको अध्यक्ष सिग्देलले बताउनुभयो । प्रतियोगिता का लिग चरणका खेल जेठ २२, २३ र २४ गते सञ्चालन हुनेछन् भने उपाधिका लागि जेठ २५ गते प्रतिस्पर्धा हुनेछ । पहिलो खेल शुक्रबार बिहान ९:०० बजे र दोस्रो खेल दिउँसो १:०० बजे सुरु हुने आयोजकले जनाएको छ । प्रतियोगिताका विजेता टोलीले आगामी असार पहिलो सातादेखि काठमाडौंमा आयोजना हुने राष्ट्रिय विद्यालय क्रिकेट च्याम्पियनसिपमा गण्डकी प्रदेशको प्रतिनिधित्व गर्नेछन् । साथै प्रतियोगिताबाट छनोट हुने उत्कृष्ट चार खेलाडीले पनि विजेता विद्यालयको टोलीबाट राष्ट्रिय प्रतियोगिता खेल्ने अवसर प्राप्त गर्नेछन् ।

जल्ला स्तरीय प्रतियोगितामा सहभागी भएका खेलाडीलाई समेत खेल्न अनुमति दिइएको आयोजकले जनाएको छ । नेपालमा पछिल्लो समय क्रिकेटप्रति युवापुस्ताको आकर्षण तीव्र रूपमा बढिरहेका बेला विद्यालयस्तरबाटै व्यवस्थित प्रतिस्पर्धा सञ्चालन हुनुले भविष्यका राष्ट्रिय खेलाडी उत्पादनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको जनाइएको छ ।

## कर्णाली प्रदेशसभामा नीति तथा कार्यक्रममाथि छलफल

*प्रत्यूष समाचारदाता*

कर्णाली । कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममाथि छलफल भएको छ । प्रदेशसभाको दोस्रो कार्यकालको आठौँ अधिवेशनको बिहीबार बसेको सातौँ बैठकमा प्रदेश सभामुख नन्दा गुरुङले मुख्यमन्त्री यामलाल कँडेललाई नीति तथा कार्यक्रममाथि छलफलका लागि सभासमक्ष प्रस्ताव गर्न समय दिनुभएको थियो ।

मुख्यमन्त्री कँडेलको प्रस्ताव बहुमतले पारित भएसँगै छलफल अघि बढेको थियो । छलफलको प्रारम्भमा भाग लिँदै नेपाली कम्युनिष्ट पार्टी कर्णाली प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक कृष्णबहादुर जिसीले सरकारको नीति तथा कार्यक्रममा नयाँपन पाउन नसकिएको टिप्पणी गर्नुभयो । नीति तथा कार्यक्रममा जेनजीको मर्म कतै नसमेटिएको भन्दै उहाँले दस्तावेज कार्यान्वयनमा सन्देह लिने धेरै आधार भएको प्रतिक्रिया दिनुभयो ।

प्रमुख सचेतक जिसीले भन्नुभयो, "समावेशी नीति स्पष्ट भएन, बैंक खाता छोरीको सुरक्षा जीवनभरिको भन्ने कार्यक्रम कहाँ गयो । दलित, महिला, समावेशी नीति स्पष्ट आउन सकेको छैन । नीतिले निम्न वर्गको उत्थान गर्ने कुरा देखिएन ।" उहाँले औद्योगिक करिडोरका विषय नीति तथा कार्यक्रममा आउन नसकेको औँल्याउनुभयो । नेपाली कांग्रेस कर्णाली प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक हिक्मतबहादुर विष्टले नीति तथा कार्यक्रम समग्रतामा राम्रो भए पनि केही कुराहरू अपुरा, अधुरा र अव्यावहारिक भएका टिप्पणी गर्नुभयो । पारस्परिक निर्भरतामा बाँचेको कर्णालीले तत्कालै निर्यात गर्ने क्षमता नराख्ने तर अर्गानिक उत्पादनमा जोड दिन सक्ने उहाँको भनाइ थियो । प्रदेशसभा सदस्य जीतबहादुर मल्लले प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रम तुलनात्मक रूपमा सुधारिएर आएको बताउनुभयो । उत्तरविधायिकी परीक्षण र बेरुजुका विषयमा यसले बोलेको पक्ष राम्रो भएको उहाँको भनाइ थियो ।

प्रदेशसभा सदस्य महेन्द्र केसीले पुँजीगत खर्च बढाउनेबारे नीति तथा कार्यक्रमले बोल्न नसकेको टिप्पणी गर्नुभयो । उहाँले नीति राम्रो देखिए पनि भुइँ मान्छेका समस्या र आवश्यकता सम्बोधन हुनेमा शङ्का देखिएको बताउनुभयो । कृषि, पर्यटन, पूर्वाधारमा रुपान्तरणकारी आयोजना नदेखिएको उहाँको भनाइ थियो ।

## सम्पादकीय ....

# नेतृत्वमा परिवर्तन जरुरी

नेपालको राजनीतिमा विदेशी प्रभावको विषय सधैं विवादको केन्द्रमा रहने गरेको छ। विशेष गरी १२ बुँदे समझदारीदेखि संविधान निर्माणसम्मका घटनालाई लिएर विभिन्न राजनीतिक धारहरूले फरक-फरक व्याख्या गर्दै आएका छन् ।

विदेशी शक्तिको प्रभावमा राष्ट्रिय निर्णयहरू भएको आरोप लगाइएको छ । यद्यपि, अन्तर्राष्ट्रिय सम्बन्धका जानकारहरू नेपालजस्तो भूराजनीतिक रूपमा संवेदनशील मुलुकले सन्तुलित कूटनीति र राष्ट्रिय हित केन्द्रित नीति अपनाउनुपर्नेमा जोड दिन्छन् । राजनीतिक व्यवस्था जे भए पनि नेपाली जनताको मुख्य अपेक्षा भने स्पष्ट देखिन्छ : सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, उद्योग विकास, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, आर्थिक आत्मनिर्भरता र निकासका उपाय ।

विश्लेषकहरूका अनुसार नागरिक अहिले वैचारिक नाराभन्दा व्यवहारिक परिणाम खोजिरहेका छन् । "जनताले भाषण होइन, जीवनमा सुधार चाहेका छन्," भन्ने धारणा बलियो बन्दै गएको छ ।

नेपाल अहिले गम्भीर राजनीतिक संक्रमणपछि नयाँ मोडमा उभिएको छ । पुराना दलहरूप्रतिको असन्तुष्टि, आर्थिक संकट, युवाको पलायन र वैकल्पिक शक्तिको उदयले नयाँ बहस जन्माएको छ ।

परिवर्तनको वास्तविक परीक्षा भने शासन प्रणालीले आम नागरिकको जीवनमा कति प्रभाव पार्न सक्छ भन्नेमा निर्भर रहनेछ । केवल नाराहरू, प्रतीकात्मक सुधार वा सत्ता परिवर्तनले मात्रै जनताको विश्वास जित्न सकिने अवस्था अब देखिँदैन ।

नयाँ शक्ति वा कुनै पनि नेतृत्वले अब जनताको भावना बुझ्दै आर्थिक सुधार, रोजगारी, सुशासन र राष्ट्रिय आत्मविश्वास निर्माणतर्फ ठोस कदम चाल्न सके मात्रै "परिवर्तन" शब्दले वास्तविक अर्थ पाउनेछ त्यसकारण सन्देश स्पष्ट देखिन्छ, अब केवल अनुहार, पार्टी वा नाराको परिवर्तनले पुग्दैन ।

नेपालमा पछिल्ला वर्षहरूमा राजतन्त्र र हिन्दू राष्ट्रको पक्षमा आवाज पुनः उठ्न थालेको छ । केही समूहहरूले २०७२ सालको संविधान निर्माण प्रक्रियामा जनभावना पर्याप्त रूपमा समेट्न नसकिएको आरोप लगाउँदै आएका छन् ।

परिवर्तनका नाममा धेरै व्यवस्था फेरिए तर आम नागरिकको अवस्था भने उस्तै रह्यो भन्ने गुनासो अहिले चर्किंदो छ ।

सरकारी कार्यालयको बोर्ड फेरियो, शासनको नाम फेरियो, संविधान फेरियो, तर नागरिकले पाउने सेवा, रोजगारीको अवस्था, भ्रष्टाचारको जालो र नेताको प्रवृत्ति भने खासै फेरिएन । गाडीको रंग फेरेजस्तै राजनीति सजाइयो, तर इन्जिन भने पुरानै राखियो भन्ने जनधारणा बलियो बन्दै गएको छ ।

पुराना दलहरूले समाजवादको नारा लगाए पनि व्यवहारमा पुँजीवाद र सत्ता स्वार्थमै रमाएको आरोप लागिरहेको छ । उद्योग बन्द भए, युवाहरू विदेशिए, देश ऋणमा डुब्यो, तर नेताहरू भाषणमै व्यस्त रहे । निराशाको बीचमा वैकल्पिक नेतृत्वप्रति आकर्षण बढेको देखिन्छ । जनताले अब भाषण होइन, रोजगारी, सुशासन, उद्योग, शिक्षा र आर्थिक सुधार चाहेका छन् ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# 'विद्यालयमा संसद् अभ्यास'

रामचन्द्र रायमाझी

एउटा ठूलो हल (संसद) छ। त्यही हलमा सभामुख र उपसभामुखको प्रवेश हुन्छ। सांसदहरु आ-आफ्नो ठाउँबाट उठ्छन् । सभामुखले राष्ट्रिय गानसँगै बैठक प्रारम्भ गर्नुहुन्छ। त्यसपछि क्रमैसँग सांसदले आ-आफ्नो क्षेत्रका विशेष मुद्दालाई संसद्को ध्यानाकर्षण गराउँछन् । सत्तापक्ष र प्रतिपक्षबीच निकैबेर सवाल-जवाफ चल्छ ।

संसद्मा बाँदरका कारण बसाईसराई बढेकोदेखि सिँचाइ अभाव हुँदै सडक, पुल नहुँदा ग्रामीण क्षेत्रका नागरिकले पाएका सास्तीका विषयले प्राथमिकता पाउँछ । सत्ता पक्षका प्रधानमन्त्रीदेखि मन्त्री र सांसदले सरकारका कामको रक्षात्मक जवाफ पेस गरे भने प्रतिपक्षका सांसदहरूले सरकारको कामकारबाहीको कडा आलोचना गरे । यसलाई हेर्दा लाग्थ्यो साँच्चीकै संसद् चलिरहेको छ। तर, यो दृश्य तानसेनस्थित देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयका विद्यार्थीहरुले सञ्चालन गरेको नमुना युवा संसद् कार्यक्रमअन्तर्गतको संसदीय अभ्यास हो ।

सामाजिक सञ्जाल, मोवाइल, इन्टरनेटको माध्यमबाट संसद्को गतिविधि हेर्दै आएका यहाँका विद्यार्थीले नमूना युवा संसद् कार्यक्रम सञ्चालन गरी संसदीय अभ्यास गरेका हुन् । विद्यालयको आयोजना र टोनी हेगन फाउण्डेसन नेपालको प्राविधिक सहयोगमा भएको नमुना युवा संसद् अभ्यास कार्यक्रमले बालबालिकाको क्षमता विकासमा सहयोग पुगेको छ ।

नमूना संसदीय अभ्यासमा विद्यालयका कक्षा ६ देखि ११ कक्षासम्म अध्ययन गर्ने बालबालिकाले सङ्घीय संसद्मा हुने सबै किसिमका नियम, प्रक्रिया पालना गर्दै कार्यक्रम सञ्चालन गरेका थिए। विद्यार्थीहरुले सभामुख, उप-सभामुख, संसद् सचिवालयका कर्मचारी, प्रधानमन्त्री, मन्त्री, संसदीय दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक, सत्तापक्ष सांसद, प्रतिपक्ष सांसद, मर्यादापालक, दर्शक र पत्रकारको भूमिका निर्वाह गरे ।

सभामुखको भूमिकामा रहनुभएकी स्वस्तिका पाण्डे संसद् भवनमा प्रवेश गर्ने बित्तिकै राष्ट्रिय गान बज्यो । संसद् भवनमा राष्ट्रिय गानपछि सभामुखको भूमिकामा रहनुभएकी .पाण्डेले शून्य समय शुरु गर्नुभयो। शून्य समयमा सांसदको भूमिकामा बालबालिकाहरुले सार्वजनिक महत्वका विषयमा एक/एक मिनेट आ-आफ्ना धारणा राख्दै सरकारको ध्यानाकर्षण गराए। संसद्मा उठेका विषयवस्तु तत्काल कार्यान्वयन गरी जनतालाई राहत दिन युवा सांसदहरुले माग गरे। सभामुख बन्नुभएकी पाण्डेले शून्य समयमा उठेका प्रश्नहरुको जवाफ दिन सम्बन्धित मन्त्री नभएको बताउँदै शून्य समय सकिएको घोषणा गर्नुभयो । सभाहलमा भएको यस्ता गतिविधिले बालबालिकादेखि शिक्षक शिक्षिकाहरुलाई संसद भवनभित्रै रहेको महसुस गराएको थियो । नमुना युवा संसद्मा बालबालिकाले सङ्कल्प प्रस्ताव पेस गरे। संसदमा सत्ता पक्षका सांसदले शिक्षामा सबै नागरिकहरुको समान पहुँच र अवसर सुनिश्चत गर्न शिक्षा नीति र कानुन संशोधन गर्ने विषयमा सङ्कल्प प्रस्ताव पेस गरेका थिए ।

शिक्षासम्बन्धी सङ्कल्प प्रस्तावमा बालबालिकाहरुले सक्षापक्ष र प्रतिपक्षी सांसदको रुपमा पक्ष र विपक्षमा कुराहरु राखे। सत्तापक्ष र प्रतिपक्ष संसद्ले राखेका प्रश्न तथा जिज्ञासाको शिक्षा मन्त्रीले जवाफ दिनुभयो ।

शिक्षा मन्त्रीले शिक्षामा समान अवसर र पहुँचको लागि सङ्कल्प प्रस्ताव पारित गर्नुपर्ने आवश्यताका रहेको बताउँदै सभामुखलाई टेबल गर्न अनुरोध गर्नुभयो ।

नमूना संसद्मा सभामुखले शिक्षा नीतिको सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो । सङ्कल्प प्रस्तावको पक्षमा बहुमत भएपछि सभामुखले सङ्कल्प प्रस्ताव पारित भएको घोषणा गर्दै अर्को सूचना नभएसम्मका लागि संसद्को बैठक स्थगित भएको घोषणा गर्नुभयो र नमूना युवा संसद्को एकदिने कार्यक्रम सकियो ।

यस्तै अभ्यास तानसेन नगरपालिका-९ स्थित दमकडा नमूना माध्यमिक विद्यालयका विद्यार्थीले पनि गरे । दमकडा मावि र टोनी हेगन फाउन्डेसनको आयोजनामा नमूना संसद्को अभ्यास गरिएको थियो। विद्यार्थीलाई संसद्को बैठक प्रक्रियाबारे जानकारी दिन, उनीहरूको तर्क गर्ने क्षमताको विकास गर्न र लोकतन्त्रमा अभ्यस्त बनाउन कार्यक्रम आयोजना गरिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेशकुमार अर्यालले बताउनुभयो ।

ससंदीय अभ्यास, संसद् सञ्चालन गर्ने नीति नियम, प्रक्रिया विधिको बारेमा प्रत्यक्षरुपमा आफैँ अभ्यास गर्न पाउनुको साथै, शून्य समयदेखि विधेयक प्रस्तुति, संसद्ले कुरा राख्ने तरिका, विधेयक माथिको बहसको बारेमा जान्ने अवसर पाएको देववाणी स्कुलका छात्र संयोग बस्यालले बताउनुभयो। भोलिको दिनमा राजनीतिशास्त्र पढेर राजनीति गरेमा पनि नमूना युवा संसद् कार्यक्रमले नयाँ बाटो सिकाएको उहाँले बताउनुभयो ।

तोकिएको जिम्मेवारी तथा पदिय दायित्व निर्वाह गर्दा निकै संयमित, अध्ययनशील, नियम कानुनदेखि संविधानसम्मका कुराहरुलाई ध्यान दिएर काम गर्नुपर्ने रहेछ भन्ने नयाँ सिकाइ भएको नमूना युवा संसद्मा सभामुखको भुमिकामा रहनुभएकी छात्रा स्वस्तिका पाण्डेले बताउनुभयो। विद्यालयले किताबी ज्ञानलाई समय-समयमा विद्यार्थी तथा बालबालिका हरुलाई व्यवहारिक अभ्यास गराउँदै आएको छ । विद्यार्थीहरुलाई स्थानीयदेखि राष्ट्रियस्तरका विभिन्न विषयबस्तुमा व्यावहारिक अभ्यास गराउँदै आइएको विद्यालयका प्रधानाध्यापक कृष्णबहादुर थापाले बताउनुभयो । उहाँका अनुसार विद्यार्थीले टिभी, मोवाइलमा हेर्दै पाठ्यपुस्तकमा पढ्दै आएको संसदीय अभ्यासलाई नियम कानुन र संविधान अध्ययनसहित संसद्मा हुने गतिविधिहरुलाई नमूना युवा संसद् कार्यक्रममार्फत अभ्यास गराइएको हो ।

विद्यालयले अन्य समयमा पनि बाल-बालिकालाई किताबी ज्ञान मात्र नभई विषयवस्तुमा आधारित रहेर व्यावहारिक अभ्यास गराउँदै आएको र सो अभ्यासले बालबालिकालाई राम्रो अवसर प्रदान गरेको कार्यक्रम अवलोकनकर्ता विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष उमादेवी अर्यालले बताउनुभयो ।

बालबालिकाको चौतर्फी क्षमता विकास गर्न, किताबी ज्ञानलाई व्यवहारिक ज्ञानमा परिणत गर्न, साथै वर्तमान अवस्थामा नेपालको शिक्षाको अवस्थाबारे बालबालिकालाई जानकारी गराउन विद्यालयमा नमूना युवा संसद् कार्यक्रममा बालबालिकालाई सहभागी गराइएको टोनी हेगन फाउण्डेसन नेपालका सचिव एव पूर्वसंसद् फटिक थापाले बताउनुभयो ।

जिल्लाका अन्य विद्यालयहरुमा पनि यस्तो अभ्यास सञ्चालन भइरहेका छन् । आजका युवा नै भविष्यमा देश, प्रदेश र स्थानीय तहको नेतृत्व गर्ने छन् उनीहरूलाई अहिलेदेखि नै संसदीय अभ्यासबारे ज्ञान दिन सकियो भने भोलि दक्ष जनप्रतिनिधि उत्पादन गर्न सकिन्छ भन्ने सोचका साथ विद्यालयहरुले यस्तो अभ्यास चलाएका हुन् ।

### नेतृत्व र लोकतन्त्र सिकाउने माध्यम

विद्यालय केवल पाठ्यपुस्तक पढ्ने ठाउँ मात्र होइन, जीवन उपयोगी सीप सिक्ने थलो पनि हो । विद्यार्थीलाई जिम्मेवार नागरिक बनाउन विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गरिन्छ। यस्तै प्रभावकारी र शिक्षाप्रद गतिविधिमध्ये संसद् अभ्यास अत्यन्त महत्वपूर्ण मानिन्छ । संसद् अभ्यासले विद्यार्थीलाई लोकतन्त्र, नेतृत्व, अनुशासन, तर्क प्रस्तुत गर्ने कला तथा सहकार्यको भावना विकास गर्न मद्दत गर्दछ। संसद् अभ्यास भनेको विद्यालयमा वास्तविक संसद्को जस्तै वातावरण सिर्जना गरी विद्यार्थीलाई सभामुख, प्रधानमन्त्री, मन्त्री, प्रतिपक्ष तथा सांसदको भूमिका निर्वाह गराउने अभ्यास हो । यसमा विद्यार्थीहरूले विभिन्न समसामयिक विषयमा छलफल गर्छन्, प्रश्न सोध्छन्, तर्क प्रस्तुत गर्छन् र निर्णय प्रक्रियामा सहभागी हुन्छन्। यसले उनीहरूलाई लोकतान्त्रिक अभ्यासको प्रत्यक्ष अनुभव दिलाउँछ । विद्यालयमा संसद् अभ्यास सञ्चालन गर्दा विद्यार्थीहरूमा बोल्ने आत्मविश्वास बढ्छ। धेरै विद्यार्थी सार्वजनिक रूपमा आफ्ना विचार राख्न हिच्किचाउँछन्, तर यस्तो अभ्यासले उनीहरूलाई खुलेर बोल्न प्रेरित गर्छ। साथै, आफ्ना विचारलाई तर्कसङ्गत ढङ्गले प्रस्तुत गर्ने क्षमता पनि विकास हुन्छ। विद्यार्थीहरूले अरूको विचार सुन्ने, सम्मान गर्ने र सहमत-असहमत जनाउने सभ्य शैली सिक्छन्। यस अभ्यासको अर्को महत्वपूर्ण पक्ष नेतृत्व विकास हो । जब विद्यार्थीहरूले मन्त्री, सभामुख वा सांसदको भूमिका निर्वाह गर्छन्, उनीहरूमा जिम्मेवारीबोध बढ्छ। समूहलाई नेतृत्व गर्ने, निर्णय लिनसक्ने तथा समस्या समाधान गर्ने क्षमता विकास हुन्छ। भविष्यमा सक्षम नागरिक र असल नेतृत्व तयार पार्न यस्ता गतिविधिले ठूलो योगदान पुर्‍याउँछन्। संसद् अभ्यासले विद्यार्थीलाई देशको शासन व्यवस्था र लोकतान्त्रिक मूल्यबारे पनि जानकारी दिन्छ। संविधान, संसद्, कानुन निर्माण प्रक्रिया तथा नागरिक अधिकार र कर्तव्यबारे व्यावहारिक ज्ञान प्राप्त हुन्छ । यसले विद्यार्थीलाई सचेत र जिम्मेवार नागरिक बन्न प्रेरित गर्दछ । संसद् अभ्यास प्रभावकारी बनाउन विद्यालय प्रशासन, शिक्षक तथा विद्यार्थी सबैको सक्रिय सहभागिता आवश्यक हुन्छ । विषय छनोट, अनुशासन तथा समय व्यवस्थापनमा ध्यान दिनुपर्छ । साथै, सबै विद्यार्थीलाई सहभागी हुने अवसर प्रदान गरिनु आवश्यक छ ।

विद्यालयमा संसद् अभ्यास गर्नु केवल मनोरञ्जनात्मक कार्यक्रम होइन, यो विद्यार्थीको व्यक्तित्व विकास गर्ने महत्वपूर्ण शैक्षिक प्रक्रिया हो। यसले विद्यार्थीलाई लोकतन्त्रको मर्म बुझ्न, नेतृत्व क्षमता विकास गर्न र जिम्मेवार नागरिक बन्न सहयोग पुर्‍याउँछ। त्यसैले प्रत्येक विद्यालयले यस्ता रचनात्मक गतिविधिलाई प्राथमिकता दिनु आवश्यक छ ।

## अनलाइन ठगी हुनबाट बचौं

- **अपरिचित नम्वर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित ब्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔँ ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइवर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# मकैको खोस्टा उपयोगका लागि तालिम

दमौली । केही समयअघिसम्म मकै भित्र्याएपछि खेतबारी वा घरआँगनमा थुप्रिने खोस्टा अधिकांशका लागि काम नलाग्ने वस्तु थियो, तर हाल त्यही खोस्टा महिलाहरूका लागि सीप, सृजना र आम्दानीको माध्यम बन्न थालेको छ ।

यसैबीच दमौलीमा सुरु भएको मकैको खोस्टाबाट विभिन्न सामग्री निर्माण गर्ने तालिमले महिलाहरूमा नयाँ उत्साह थपेको छ । जनभावना नेवाः खल मिसाः पुच दमौलीको आयोजना तथा व्यास नगर पालिका-३ वडा कार्यालयको आर्थिक सहयोगमा मङ्गलबारदेखि यहाँ सुरु भएको पाँचदिने तालिममा ४० जना महिला सहभागी छन् । तालिममा सहभागीहरूलाई मकैको खोस्टालाई उपयोग गर्न विभिन्न आकारमा मोड्दै, गाँस्दै र सजावटी सामग्री बनाउने अभ्यास गराउन थालिएको छ ।

वडाध्यक्ष अनुप रानाले खेर गइर हेको मकैको खोस्टाको उपयोग गरी आत्मनिर्भर बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको बताउनुभयो । तालिमपछि व्यवहारिक अभ्यासका लागि पनि प्रोत्साहन गरिने र उत्पादित सामग्रीको बजारीकरणका लागि कार्यालयले आवश्यक सहयोग गर्ने उहाँले बताउनुभयो । "सीप सिकेरमात्रै पुग्दैन, त्यसलाई व्यवसायमा रूपान्तरण गर्न सक्नुपर्छ । यस कार्यमा सहयोग गर्छौं", वडाध्यक्ष रानाले भन्नुभयो ।

व्यास नगरपालिकाका पूर्वप्रमुख तार ाप्रसाद श्रेष्ठले सीपलाई आयआर्जनसँग जोड्न सके तालिमको उपलब्धि देखिने बताउनुभयो । उहाँले स्थानीयस्तरमा खेर जाने सामग्रीबाट लाभ लिन यस्ता कार्यक्रमको निरन्तरताका लागि पनि आग्रह गर्नुभयो ।

महिला उद्यमी सङ्घ गण्डकीकी उपाध्यक्ष निर्मला मल्लले मकैको खोस्टाजस्तो सामान्य वस्तुले पनि राम्रो आम्दानी दिन सक्ने बताउनुभयो । "सिर्जनशीलता र मिहिनेत जोडियो भने खेर जाने वस्तु पनि अवसर बन्न सक्छ । त्यसैले तालिमलाई अवसरका रूपमा लिँदै आत्मभिर बन्न आवश्यक छ", उहाँले भन्नुभयो । वडासचिव सावित्री आचार्यले वडा कार्यालयले समुदायका विभिन्न समूहलाई लक्षित गरी नियमित रूपमा सीपमूलक तालिम सञ्चालन गर्दै आएको बताउनुभयो । यस्ता कार्यक्रमले महिलाको आत्मविश्वास बढाउनुका साथै स्वरोजगारको अवसर सृजना गर्ने उहाँको भनाइ थियो ।

जनभावना नेवाः खल मिसाः पुचकी अध्यक्ष रश्मिला ताम्राकारले महिलालाई आर्थिक गतिविधिसँग जोड्न र स्थानीयस्तरमै रोजगारी सृजना गर्ने उद्देश्यले तालिम आयोजना गरिएको बताउनुभयो । सचिव सरिता श्रेष्ठले आमा समूह, टोल विकास संस्था तथा पुचका सदस्यहरूबाट छनोट गरी तालिम दिन थालिएको बताउनुभयो । यही जेठ २३ गतेसम्म सञ्चालन हुने तालिममा विमल श्रेष्ठ र सुशीला श्रेष्ठले प्रशिक्षण दिइरहनुभएको छ ।

# पोखरामा रगत अभाव, रक्तदान गर्न आह्वान

कास्की । पोखरामा रगत अभाव भएको छ । नेपाल रेडक्रस सोसाइटी कास्की अन्तर्गत प्रादेशिक रक्तसञ्चार सेवा पोखराले 'एबी पोजेटिभ' समूहको रगत मौज्दात कम हुँदै गएकाले माग धान्न नसक्ने अवस्था आउन लागेको जनाएको छ ।

रक्तसञ्चार सेवा प्रमुख अर्जुन ज्ञवालीले जेठ १९ गतेदेखि २३ गतेसम्म कुनै पनि नियमित रक्तदान कार्यक्रम तय नभएकाले यस बीचमा रगत अभाव हुनसक्ने अवस्था आएकाले आकस्मिक रक्तदानका लागि सबैमा आह्वान गरिएको बताउनुभयो । "रक्त अभाव हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै विभिन्न सङ्घसंस्था, क्लब, आमा समूह, सहकारी संस्था तथा सामाजिक समूहहरूलाई आकस्मिक रक्तदान कार्यक्रम आयोजना गर्न आग्रह गरेका छौं । सानो प्रयासले कसैको जीवन बचाउन सक्छ भन्ने भावना राखेर रक्तदान गरिदिनुहोला । यहाँ रगतको माग बढी हुने भएकाले नियमित जस्तो कार्यक्रम हुनुपर्दछ", उहाँले भन्नुभयो । पोखरा प्रदेश राजधानीसमेत भएकाले यहाँ अन्य जिल्लाबाट समेत बिरामीहरू रिफर भएर आउने गरेकाले यहाँ रगतको माग उच्च हुने गरेको छ । प्रादेशिक रक्तसञ्चार सेवाका अनुसार पोखरामा दैनिक ७० देखि ८० युनिट रगत आवश्यक पर्ने गरेको छ ।

# यस्तो छ चलचित्र काजीको कथा

काठमाडौं । सामाजिक विषय र प्रेमकथामा आधारित रहेर तयार गरिएको नेपाली चलचित्र 'काजी' गत जेठ ८ देखि प्रदर्शनरत छ । विसं २०४५ को समयको सामाजिक संरचनाभित्र रहेर प्रेम, समर्पण र सम्बन्धको कथा प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेता विपिन कार्कीले 'काजी' र अभिनेत्री केकी अधिकारीले उहाँकी श्रीमती 'कजिनी' को भूमिका निर्वाह गर्नुभएको छ ।

बाल्यकालमै टुहुरो भएका काजीले मागी विवाहमा पाउने श्रीमतीलाई नै आफ्नो संसार बनाउँछन् । एउटा दृश्यमा काजीले 'मेरो बा, आमा सबै नै श्रीमती (कजिनी) नै हुन्' भन्ने संवाद बोल्छन्, जसले काजीले आफ्नो कजिनीलाई गर्ने प्रेमका बारेमा ज्ञात गराउँछ । उक्त चलचित्रमा देखाइएको प्रेममा त्याग छ, सहनशीलता छ र मौन स्वीकृतिहरू छन् ।

श्रीमान् र श्रीमतीबीचको प्रेमलाई जति देखाइएको छ, त्यहाँ सामाजिक दबाब पनि सृजना गरिएको छ । वंश अगाडि बढाउने सन्तान नहुँदा चलचित्रमा द्वन्द्व सृजना हुन्छ । काजीलाई उनका काकाले अर्को विवाह गर्न सल्लाह दिन्छन्, तर उनले श्रीमतीबाहेक अन्य सोच्न नसक्ने बताउँछन् ।

यद्यपि, चलचित्रमा कजिनीको बहिनी अर्थात् काजीको साली (गरिमा शर्मा) को प्रवेश सँगै नयाँ मोड आउँछ । काजी र सालीबीचको सम्बन्ध विवाहसम्म पुग्न सक्ने हल्ला समाजमा चलेपछि कजिनीले भ्mुट बोल्ने योजना बनाउँछिन् । उनलाई कुनै पनि सर्तमा काजी गुमाउनु छैन । चलचित्र 'काजी' यही वैचारिक द्वन्द्वभित्र रहेर दर्शकसँग संवाद गर्न खोजिरहेको आभाष हुन्छ । चलचित्रमा अभिनेता विपिन कार्कीले काजीलाई परम्परागत नभई प्रेमिल भावमा प्रस्तुत गर्नुभएको छ ।

"यतिसम्म पनि प्रेम गर्न सक्छन् र ? यस्तो पनि प्रेम हुन्छ र भन्ने पात्र हामीले देखाएका छौं । यो चलचित्रमा मेरो पात्रले आफ्नो संसार नै श्रीमतीलाई मानेपछि केसम्म गर्न सक्छ भन्ने देखाइएको छ । यो अमर रहने एउटा प्रेम कथानक हो", अभिनेता कार्कीले भन्नुभयो ।

उहाँ काजी खानदानबाट भएकै कारण काजी त हुनुभयो, तर सरल हुनुहुन्छ । गाउँलेलाई हरेक समस्यामा मद्दत गर्ने पात्र अभिनेता कार्कीले निर्वाह गर्नुभएको छ । अभिनेत्री केकी अधिकारीले 'काजी' जस्तो श्रीमान् हरेक महिलाको चाहना हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो एउटा निःस्वार्थ समर्पणको प्रेमकथा हो । अहिलेको पुस्तालाई यस्तो पनि प्रेम हुन्छ र ? भन्ने आभाष चलचित्र हेरेपछि हुन्छ । यसमा श्रीमान् र श्रीमती निःस्वार्थ प्रेम सामाजभन्दा माथि हुन्छ भन्ने देखाइएको छ ।"

निर्देशक लक्ष्मण रिजालले सरल र मन छुने कथालाई पटकथामार्फत चलचित्रका रुपमा तयार गरे पनि सबैभन्दा कमजोरी पटकथामै देखिएको छ । काजी आफ्नो गाउँमा एउटा सम्मानित र निर्दोष पात्र हो । आफ्ना पिताले बसालेको बस्तीमा उसको बेग्लै सान छ । तर, चलचित्रमा देखाइएको घटनाक्रम वा पटकथा एकै लयमा बग्दा दर्शकले धैर्यता गुमाउन सक्छन् । बारम्बार उस्तै दृश्य र शैली देख्दा सुस्त भएको महसुस हुन्छ । साथै, चलचित्रमा देखिने समस्यासँग मुख्य पात्र भाग्दा दर्शकलाई खिन्न लाग्न सक्छ । अर्थात् कजिनीले भ्mुट बोलेर टिकाउन खोजेको सम्बन्धका लागि काजी लड्छ भन्ने अपेक्षा हुनसक्छ । तर, काजीले रोज्ने सरल बाटोले त्यसमा द्वन्द्व सिर्जना हुन् पाउँदैन । हुन् त काजीले चलचित्र सुरु भएकै केही समयमा आउने दृश्यमा कजिनीलाई असहजता भएमा आफूले लिने निर्णयबारे आफ्नो काका र काकीलाई जानकारी गराइसकेका हुन्छन् । तर, पनि चलचित्रको पात्रले समस्यासँग समना गर्नुपर्नेमा सरल बाटो रोज्नु एउटा मुख्य कमजोरी हो ।

'काजी' को अर्को बिर्सनै नसकिने पक्ष यसको सङ्गीत र पार्श्व ध्वनि हो । यसको बलियो पक्ष छायाङ्कन हो । छायाँकार चिन्तनराज भण्डारीले आजभन्दा झन्डै तीन दशक अगाडिको समयलाई कलात्मक रुपमा प्रस्तुत गर्नुभएको छ । बिजुली नहुँदा लालटिन वा टुकी बत्तीको समयलाई उहाँले दुरुस्तै उतार्नुभएको छ ।

काजी (विपिन कार्की) को चरित्र एउटा 'आदर्श प्रेमी' को प्रतीक हो । 'काजी' एउटा यस्तो फिल्म हो जुन हेरिरहँदा केहीबेर आँखालाई आनन्द दिन सक्छ, कलाकारको अभिनयले मन लोभ्याउन सक्छ तर जाँदाजाँदै दिइएको सन्देश र मुख्य द्वन्द्व फितलो हुँदा दर्शकलाई खिन्न बनाउन सक्छ । समग्रमा चलचित्र 'काजी' प्राविधिक हिसाबले जति बलियो छ, कलाकार अभिनयको जति सुन्दर र जीवन्त छ । पटकथा त्यति नै कमजोर छ ।

# अन्नपूर्ण आरोहण दिवसः गण्डकीको पर्यटनलाई विश्वमाझ चिनाएको दिन

गण्डकी । विश्वमा हिमाल आरोहणको जेठो हिमालका रूपमा चासो र चर्चा कमाएको अन्नपूर्ण हिमालको आरोहण भएको दिन जुन ३ ले पोखरासहित समग्र गण्डकी प्रदेशको पर्यटनमा महत्त्वपूर्ण स्थान ओगट्ने गरेको छ ।

गण्डकीलाई विश्वव्यापी रूपमा पहिचान गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको उक्त हिमालको आरोहण दिवस आज विभिन्न कार्यक्रमका साथ मनाईदैछ । सन् १९५० जुन ३ तारिखमा पहिलोपटक फ्रान्सका मौरिस हर्जोगले म्याग्दीतर्फबाट गर्नुभएको अन्नपूर्ण हिमालको सफल आरोहणपछि नै विश्वमा हिमाल आरोहणतर्फ आकर्षण बढ्दै गएको पाइन्छ ।

हर्जोगको टोलीले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको नाह्याङ हुँदै उत्तरी मोहोडाबाट अन्नपूर्ण हिमालको सफल आरोहण गर्नुभएको थियो । उक्त आरोहणको महिमा र गरिमालाई जीवन्त राख्न म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले फ्रान्सेली टोली हिँडेको पदमार्गलाई प्रवर्द्धन र विकास गर्न सक्रियताका साथ लागेको छ ।

आठ हजार मिटरभन्दा बढी उचाइको यो हिमाल आरोहणपछि मात्रै विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण भएको हो । यस दिनलाई हरेक वर्ष गण्डकी प्रदेशमा विविध कार्यक्रमका साथ मनाउने गरिएको छ । यस वर्ष पनि म्याग्दीको अन्नपूर्ण गाउँपालिका, ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) गण्डकी प्रदेश, अन्नपूर्ण सेन्चुरी पर्यटन समितिलगायत सङ्घसंस्थाले विभिन्न कार्यक्रमसहित दिवस मनाउने तयारी गरेका छन् । अन्नपूर्ण सेन्चुरी पर्यटन समितिले कास्कीको अन्नपूर्ण आधार शिविरदेखि घान्द्रुकसम्म अन्नपूर्ण म्याराथन आयोजना गरेको समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिनुभयो । फ्रान्सेली टोलीद्वारा आरोहण गरिएको अन्नपूर्ण प्रथम हिमालको उचाइ आठ हजार ९१ मिटर रहेको छ । यो हिमाल आरोहणको सफलतासँगै सन् १९५३ मई २९ तारिखको दिन सर्वोच्च शिखर सगरमाथामा सर्वप्रथम स्वर्गीय तेन्जिङनोर्गे शेर्पा र सरएडमन्ड हिलारीले सफल आरोहण गरेर कीर्तिमान कायम गर्नुभएको थियो ।

सर्वोच्च शिखर सगरमाथाभन्दा अन्नपूर्ण प्रथम हिमालको उचाइ कम भएका कारण अन्नपूर्ण आरोहणको सफलताले त्यति ख्यातिप्राप्त गर्न नसके पनि यो हिमालले विश्वको सबैभन्दा जेठो हिमालको उपाधि हासिल गरेको नेपाल पर्वतारोहण सङ्घ गण्डकी प्रदेशका अध्यक्ष विकास गुरुङले बताउनुभयो । अन्नपूर्णको सफल आरोहणसँगै समग्र नेपालको पर्वतीय पर्यटनको विकास भए पनि गण्डकी प्रदेशमा रहेका हिमालहरू पर्वतारोहणका लागि अपेक्षित उपयोग गर्न नसकिएको उहाँको भनाइ छ ।

अध्यक्ष गुरुङले भन्नुभयो,"अन्नपूर्ण हिमाल पोखरासहित समग्र गण्डकी प्रदेशको पहिचान हो । अन्नपूर्ण हिमालसहित गण्डकीका हिमालहरूको प्रवर्द्धन र उपयोगका लागि स्थानीय तह, प्रदेश सरकारसँगै सम्बद्ध सबैको सहकार्य आवश्यक छ ।" आरोहणको जेठो हिमाल अन्नपूर्ण प्रथमसहित गण्डकी प्रदेशभित्र धेरै अग्ला तथा विभिन्न उचाइका हिमाल रहे पनि हिमाल आरोहणले अपेक्षित गति लिन नसकेकातर्फ सम्बद्ध सबैको चासो पुग्नु पर्ने उहाँको भनाइ छ ।

गण्डकी प्रदेशमा अन्नपूर्ण, धवलागिरि, मनास्लुजस्ता हिमशृङ्खला छन् । अन्नपूर्ण हिमशृङ्खलाअन्तर्गत आठ हजार मिटरभन्दा अग्लो अन्नपूर्ण प्रथमसहित अन्य सात हजार मिटरभन्दा बढी उचाइका अन्नपूर्ण दोस्रो, तेस्रो र चौथो, अन्नपूर्ण साउथ, गङ्गापूर्ण, बराहशिखर हिमाल छन् । अन्नपूर्ण शृङ्खलाअन्तर्गत नै तिलिचो पिक, नीलगिरि, लम्जुङ आदि हिमाल रहेका छन् ।

तथ्याङ्कअनुसार सन् १९५० भन्दा अघि पोखरामा आउने विदेशी पर्यटकको सङ्ख्या नगण्य रहेको थियो । मौरिस हर्जोगको टोली अन्नपूर्ण हिमालको आरोहणमा आउने र जाने क्रमसँगै पोखरासहित समग्र गण्डकी प्रदेशमा पर्यटकीय गतिविधि बढेको पाइन्छ । अन्नपूर्ण प्रथमको आरोहणपछि नै पोखरासहित गण्डकी प्रदेश हुँदै समग्र नेपाललाई पर्यटकीय रूपमा विश्वभरि चिनाउने काम भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले बताउनुभयो । अन्नपूर्ण हिमालसहित गण्डकी प्रदेशमा रहेका हिमाललाई पर्वतीय पर्यटनका माध्यम बाट जोड्नु आवश्यक रहेको उहाँको भनाइ छ । अन्नपूर्ण हिमाल अन्नपूर्ण संरक्षण क्षेत्रद्वारा संरक्षित छ । यस हिमाल र आसपासको सात हजार ६२९ वर्गकिमीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामार्फत संरक्षण गरेर राखिएको छ ।

अन्नपूर्ण संरक्षण क्षेत्रअन्तर्गत हिमालपारिका जिल्ला मनाङ र मुस्ताङसहित म्याग्दी, कास्की र लमजुङका विभिन्न भूभाग समेटिएको छ । अन्नपूर्णसहित गण्डकी प्रदेशका हिमालहरूलाई संरक्षण, प्रवर्द्धनसँगै पदयात्रा एवं पर्वतीय पर्यटनका माध्यमबाट उपयोग गर्न सकेमा त्यसले यहाँको पर्यटनमा विशिष्ट योगदान पुग्ने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछाने बताउनुहुन्छ । हाम्रा हिमालहरूको राष्ट्रिय एवं अन्तरराष्ट्रिय चिनारीका लागि आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम जरुरी रहेको बताउँदै उहाँले बोर्डले पर्यटनसम्बद्ध सङ्घसंस्थासँगको सहकार्यमा यस कार्यलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुभयो ।

पदयात्राका लागि स्वदेशी एवं विदेशी पर्यटकको आकर्षण बन्दै गएको अन्नपूर्ण क्षेत्र 'अन्नपूर्ण सर्किट' रहेको छ । यस हिमालको परिफेरीमा अन्नपूर्ण चक्रीय पदमार्गसहित अन्य विभिन्न पदमार्ग रहेका टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले बताउनुभयो ।

# सत्तरी वर्षमा नागरिकता

म्याग्दी । म्याग्दीको मालिका गाउँपालिका-६, डाँडाखर्ककी राममायाँ खत्रीले ७० वर्षको उमेरमा नागरिकताको प्रमाणपत्र पाउनुभएको छ । जिल्ला प्रशासन कार्यालयले मङ्गलबार खत्रीलाई ७० वर्षको उमेरमा पहिलो पटक नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराएको हो ।

नेपाली नागरिकताको अभावमा शारीरिक रुपमा अपाङ्गता भएकी एकल महिला खत्री राज्यको सेवासुविधाबाट वञ्चित हुनुभएको थियो । कान्छो भाइ गर्भे खत्रीले आवश्यक कागजपत्र जुटाएर जिल्ला प्रशासन कार्यालयमा आएपछि राममायाको हातमा ७० वर्षको उमेरमा पहिलो पटक नागरिकता परेको हो । प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य र सहायक प्रजिअ कुलप्रसाद आचार्यले राममायाँलाई नागरिकता हस्तान्तरण गर्नुभयो । विसं २०१३ सालमा जन्मिनुभएकी राममायाँको एउटा हात चल्दैन । नागरिकताका आधारमा खत्रीले सामाजिक सुरक्षा भत्ताको सुविधाका लागि प्रक्रिया सुरु गर्ने बताउनुभयो । नागरिकता पाएपछि निकै खुसी लागेको छ," उहाँले भन्नुभयो "अब भत्ता पनि पाइने भयो ।"

राममायाले नागरिकता प्राप्त गरेलगत्तै राष्ट्रिय परिचयपत्रका लागि पनि आवेदन फारम भर्नुभएको छ ।

# दुई लाख तिरेर रिहा

टक्सार जिल्ला प्रहरी कार्यालयले अवैध जडीबुटीसहित पक्राउ परेका पाँच जनालाई दुई लाख जरिवाना गराएर छाडेको छ ।

भोजपुर नगरपालिका-९, पानी ट्याङ्कीबाट अवैध जडीबुटीसहित आइतबार पक्राउ परेका उनीहरुलाई मङ्गलबार जरिवाना गराएर छाडिएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक राजु लामाले जानकारी दिनुभयो ।

पक्राउ पर्नेमा सिमरा नगरपालिका-१८ का २१ वर्षीय सन्तोषकुमार नट, सर्लाहीको ईश्वरपुर नगरपालिका-५ का २० वर्षीय रविकिसन नट, सोही ठाउँका २२ वर्षीय सुरेन्द्र नट, ३३ वर्षीय अजयकुमार नट र सिरहा कर्जना नगरपालिका-५ का ३० वर्षीय जितेन्द्र कुमार राठोर रहेको प्रहरी प्रमुख लामाले बताउनुभयो ।

# विद्युत् उत्पादनमा निजी क्षेत्रको १३ खर्ब बढी लगानी

प्रत्यूष समाचारदाता

काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले विद्युत् उत्पादनमा निजी क्षेत्रले रु १३ खर्ब १० अर्ब लगानी गरिसकेका जनाउनुभएको छ ।

इप्पानले बिहीबार आयोजना गरेको बजेटपछिको समिक्षा र विगत तीन वर्षमा भएका कामबारे समिक्षा कार्यक्रममा उहाँले नेपालको ऊर्जा क्षेत्रमा निजी क्षेत्रको योगदान ८० प्रतिशत पुगेको बताउनुभयो । "हाल नेपालमा उत्पादित कुल चार हजार २०० मेगावाट विद्युत् जडित क्षमतामध्ये तीन हजार ५०० मेगावाट निजी क्षेत्रले उत्पादन गरेको छ", उहाँले भन्नुभयो । अध्यक्ष कार्कीले निजी क्षेत्रले हालसम्म गरेको रु १३ खर्ब १० अर्ब लगानीमध्ये बैंक तथा वित्तिय संस्थाको रु आठ खर्ब ७० अर्ब र निजी क्षेत्रको रु चार खर्ब ४० अर्ब रहेको जानकारी दिनुभयो । उहाँले जलविद्युत् क्षेत्रले हाल तीन लाखभन्दा बढीलाई रोजगारी दिनुका साथै वार्षिक २५ अर्बभन्दा बढी राजस्वमा योगदान पुर्याएको उल्लेख गर्नुभयो ।

अध्यक्ष कार्कीले सरकारले १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखे पनि बजेटमा ठूला आयोजनाको विद्युत खरिद सम्झौता (पिपिए) बारे स्पष्टता नहुँदा लगानीकर्ता निराश भएका बताउनुभयो । इप्पानले मुख्यगरी ५० वर्षको अनुमतिपत्र अवधि, निजी क्षेत्रलाई विद्युत् व्यापार र प्रसारण लाइनमा सहभागिता, वन तथा वातावरणीय झन्झटको अन्त्य र 'एकद्वार प्रणाली' लागू गर्न माग गरेको छ । "विगत तीन वर्षमा हामीले पावर समिट र हाइड्रोएक्स्पो जस्ता सफल कार्यक्रम गर्यौं, तर नीतिगत तहमा अझै धेरै काम बाँकी छन् । आठ मन्त्रालय र २३ विभाग धाउनुपर्ने बाध्यता अन्त्य नभएसम्म ऊर्जा क्षेत्रको द्रुत विकास सम्भव छैन", अध्यक्ष कार्कीले भन्नुभयो । इप्पानले बाढी प्रभावित आयोजनालाई राहत, जलविद्युत् आयोजनामा सुरक्षाको ग्यारेन्टी र कर छुटका विषयमा सरकारले सहजीकरण गर्नुपर्ने बताएको छ ।

# गौतमबुद्ध विमानस्थलबाट नियमित उडान गर्नुपर्नेमा जोड

सिद्धार्थनगर । नेपाल र भारतबीचको आर्थिक, व्यापारिक तथा लगानी सहकार्यलाई थप प्रभावकारी बनाउँदै साझा समृद्धिको आधार निर्माण गर्नुपर्नेमा दुवै देशका सरकारी तथा निजी क्षेत्रका प्रतिनिधिले जोड दिनुभएको छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको पूर्ण सञ्चालन, सीमावर्ती क्षेत्रको औद्योगिक विकास तथा लुम्बिनीको अन्तरराष्ट्रिय पर्यटन प्रवर्द्धनमा भारतको निजी क्षेत्रको सक्रिय सहभागिताको आवश्यकता औंल्याइएको हो ।

बिहीबार भारतको गोरखपुरमा आयोजित 'भारत-नेपाल आर्थिक सहयोग मञ्च-२०२६' मा सहभागी वक्ताहरूले कृषि, पर्यटन, ऊर्जा, बैंकिङ, पूर्वाधार, औद्योगिक लगानी र सीमापार व्यापार लाई प्राथमिकतामा राखेर द्विपक्षीय सहकार्यलाई नयाँ उचाइमा पुर्याउनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा नेपाली निजी क्षेत्रका प्रतिनिधिले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई अन्तरराष्ट्रिय उडानको केन्द्रका रूपमा नियमित गर्न र विकास गर्न भारतीय वायुसेवा कम्पनी तथा निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो । विमानस्थल सञ्चालनले लुम्बिनी क्षेत्रको पर्यटन, व्यापार र लगानी प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने सहभागीले धारणा राख्नुभयो ।

छलफलका क्रममा भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज)मा भारतीय उद्योग आकर्षित गर्न नीतिगत तथा व्यावसायिक सहकार्य आवश्यक रहेको विषय पनि उठाइएको थियो । सहभागीले सीमावर्ती क्षेत्रका औद्योगिक सम्भावनाको उपयोग गर्दै संयुक्त लगानी र उत्पादन विस्तार गर्नुपर्नेमा जोड दिएका छन् ।

लुम्बिनीलाई अन्तरराष्ट्रिय धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा स्थापित गर्न भारतीय पर्यटन व्यवसायी र निजी क्षेत्रले थप भूमिका खेल्नुपर्नेमा पनि वक्ताले जोड दिएका हुन् । बुद्ध जन्मस्थल लुम्बिनीलाई भारतीय बौद्ध पर्यटक तथा अन्तरराष्ट्रिय पर्यटकको प्रमुख गन्तव्यका रूपमा प्रवर्द्धन गर्न संयुक्त अभियान सञ्चालन गर्नुपर्ने सुझाव दिइएको थियो ।

भारतस्थित नेपाली दूतावासका सहसचिव तारानाथ अधिकारीले नेपाल र भारतबीचको आर्थिक सम्बन्धलाई थप मजबुत बनाउन व्यापार, पर्यटन, लगानी र पूर्वाधार विकासका क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्ने बताउनुभयो । उहाँले दुवै देशका निजी क्षेत्रबीचको साझेदारी आर्थिक समृद्धिको महत्वपूर्ण आधार बन्न सक्ने उल्लेख गर्नुभयो । भारतस्थित नेपाली दूतावासका इकोनोमिक काउन्सिलर रवीन्द्रजङ्ग थापाले नेपालमा लगानी, उद्योग, पर्यटन र व्यापारका प्रशस्त सम्भावना रहेको बताउँदै निजी क्षेत्रको सक्रिय सहभागिताले द्विपक्षीय आर्थिक सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष कृष्णप्रसाद शर्माले व्यापार सहजीकरण, लगानीमैत्री वातावरण निर्माण तथा सीमावर्ती क्षेत्रको आर्थिक विकासलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । उहाँले नेपाल-भारत आर्थिक सम्बन्धलाई व्यवहारिक र परिणाममुखी बनाउन निजी क्षेत्रको भूमिका महत्वपूर्ण रहेको धारणा राख्नुभयो ।

नेपाल-भारत आर्थिक सहयोग मञ्चका सचिव उपाध्यक्ष तथा कार्यक्रमका अध्यक्ष कमलेस जैनले नेपाल-भारत आर्थिक सहकार्यका सम्भावना, व्यापारिक सम्बन्ध र निजी क्षेत्रको भूमिकाबारे जानकारी गराउँदै दुवै देशबीचको साझेदारीलाई थप परिणाममुखी बनाउनुपर्ने बताउनुभयो ।

# जलवायु संकटसँगै सामाजिक र संस्थागत जोखिमको सम्बोधन गर्नुपर्ने

काठमाडौं । समुदायको उत्थानशीलता निर्माणमा लगानी बढाउनुपर्नेमा दिइएको छ । 'सुरक्षित भविष्य निर्माण: उत्थान-शीलताका लागि समुदायमा लगानी' विषयक दक्षिण एशिया नीति संवादमा सहभागी जानकारहरूले जलवायु सङ्कटसँगै सामाजिक र संस्थागत जोखिमलाई सम्बोधन नगरेसम्म दिगो समाधान सम्भव नहुने बताएका छन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) का प्राज्ञ दीपक ज्ञवालीले नेपालमा भइरहेका अव्यवस्थित सडक निर्माणले विपद् जोखिम बढाएको बताउनुभयो । उहाँका अनुसार वातावरणीय दृष्टिले सुरक्षित र किफायती विकल्पका रूपमा 'रोपवे' प्रणाली अपनाउनुपर्छ ।

डा मन्दिरा श्रेष्ठले विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता निर्माणका लागि लिङ्ग, उमेर र अपाङ्गतासम्बन्धी वर्गीकृत तथ्याङ्क अत्यन्त आवश्यक रहेको बताउनुभयो ।

उहाँले स्थानीय तहमा त्यस्ता तथ्याङ्कको उपलब्धता र पहुँच अझै सीमित रहेको उल्लेख गर्दै योजना निर्माण, स्रोत विनियोजन तथा निर्णय प्रक्रियामा गुणस्तरीय तथ्याङ्को प्रयोग बढाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

ढाका विश्वविद्यालयअन्तर्गत विपद् व्यवस्थापन तथा जोखिम अध्ययन संस्थानकी निर्देशक डा महबुबा नसरीनले प्रारम्भिक चेतावनी प्रणालीको प्रभावकारिता मा जोड दिँदै 'समयमै प्राप्त पूर्वसूचना' नै जीवनरक्षाको प्रमुख माध्यम भएको बताउनुभयो । विगत तीन दशकमा पूर्वसूचना प्रणालीमा उल्लेखनीय सुधार भए पनि लैङ्गिक तथा सामाजिक असमानताका कारण जोखिममा रहेका समुदायसम्म सूचना समान रूपमा नपुग्ने समस्या कायम रहेको बताउनुभयो । विपद् व्यवस्थापन अध्ययन केन्द्र (सिडिएमएस) नेपालका संस्थापक कृष्ण कार्कीले विपद् तयारी तथा प्रतिकार्यमा लैङ्गिक दृष्टिकोण मूल प्रवाहीकरणका लागि विकसित गरिएको 'जेडर चेकलिस्ट' प्रस्तुत गर्दै सामाजिक तथा लैङ्गिक विश्लेषणको नियमित अभ्यास अभाव रहेको बताउनुभयो । विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले सूचकाङ्कमा आधारित बिमा प्रणालीले जलवायुजन्य जोखिम सामना गर्न किसानलाई सहयोग पुर्याइरहेको बताउनुभयो ।

# टिकटकर अधिकारीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश

काठमाडौं । जिल्ला अदालत ललितपुरले टिकटकर तुलसा भन्ने तुल्सी अधिकारीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको छ । न्यायाधीश टेकनाथ गौतमको इजलासले बिहीबार अधिकारीलाई पुर्पक्षका लगि थुनामा पठाउने आदेश गरेको हो ।

आदेशमा भनिएको छ, 'थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिवादीलाई हुनसक्ने सजाय समेतलाई दृष्टिगत गर्दा निज प्रतिवादी तुलसा भन्ने तुल्सी अधिकारीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(१) बमोजिम थुनामा राख्न ऐ. दफा ८० बमोजिम थुनुवा पुर्जी दिइ सम्बन्धित कारागार कार्यालयमा थुनामा राख्न पठाइदिनु' अदालतले बयानमा उल्लेख गरेको अवस्था, बैंक खाता, सुनको विवरण हेर्दा तत्काल प्राप्त प्रमाणका आधारमा अधिकारी कसुरदार होइन भन्न मिल्ने अवस्था नभएको उल्लेख गरेको छ । एक व्यवसायीलाई टिकटकर अधिकारीले 'हनिट्र्याप'मा पारेर रु करोडौं असुल गरेको आरोप लागेको छ । अधिकारीलाई सोही आरोपमा आपराधिक लाभ, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा चलाइएको हो । टिकटरमा अधिकारीलाई नेपाल प्रहरीले 'इन्टरपोटल'को सहयोगमा थाइल्यान्डमा पक्राउ गरेर ल्याएको थियो । नवलपरासी पश्चिम घर भई हाल ललितपुरको भैंसेपाटी बस्दै आएकी अधिकारीविरुद्ध यी तीन कसुरमा गत चैत मुद्दा दर्ता भएको थियो ।

# सिराहा जिल्लामा एसइईमा चिट चोर्न प्रयोग भएका मोबाइल र स्मार्टवाच नष्ट

सिरहा । सिरहामा माध्यमिक शिक्षा परीक्षा (एसइई)मा चिट चोर्न प्रयोग गरिएको आरोपमा बरामद गरिएका ४९६ वटा मोबाइल फोन र पाँच वटा स्मार्टवाच नष्ट गरिएको छ ।

गत चैतमा सम्पन्न एसइई परीक्षाका क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट सात वटा आइफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल र पाँच वटा स्मार्टवाच बरामद गरिएको थियो । ती उपकरण परीक्षा सञ्चालन निर्देशिका विपरीत प्रयोग भएको भन्दै आज नष्ट गरिएको हो । मधेस प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइएमा नष्ट गर्ने बताउनुभएको थियो । सोही निर्देशनका आधारमा जिल्ला परीक्षा समन्वय समिति सिरहाले बरामद उपकरण व्यवस्थापनका लागि उपसमिति गठन गरी नष्ट गर्ने निर्णय गरेको थियो ।

शिक्षा विकास तथा समन्वय इकाइका शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो । उपसमिति संयोजक यादवका अनुसार बरामद गरिएका मोबाइल तथा स्मार्टवाच जिल्ला प्रहरी कार्यालयमा २४ घण्टासम्म पानीमा राखिएको थियो । त्यसपछि थप प्रयोगयोग्य नहुने गरी नष्ट गरिएको उहाँले बताउनुभयो ।

बरामद गरिएका उपकरणको अनुमानित बजार मूल्य रु एक करोडभन्दा बढी रहेको जनाइएको छ । केही अभिभावक तथा सरोकार भएकाले जरिवाना लिएर एकपटकका लागि मोबाइल फिर्ता दिनुपर्ने माग गरेका थिए । तर, सम्बन्धित निकायले परीक्षा मर्यादा कायम राख्नका लागि ती उपकरणको नष्ट गर्ने निर्णय कार्यान्वयन गरेको जनाएको छ ।

मधेस प्रदेशमा एसइई परीक्षाका क्रममा विद्यार्थीबाट बरामद गरिएका मोबाइल यति ठूलो सङ्ख्यामा नष्ट गरिएको यो पहिलो घटना भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# रोल्पामा भएको जीप दुर्घटनामा तीन जनाको मृत्यु

घोराही । रोल्पामा बिहीबार बिहान भएको जीप दुर्घटनामा परी दाङका तीन जनाको मृत्यु भएको छ । जिल्लाको माडी गाउँपालिका-२ घर्तीगाउँ ब्याङखोलामा अस्थायी नम्बर प्लेटको एमएच १४ टिसिजे ४७१ नम्बरको जीप दुर्घटना हुँदा दाङका तीन जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा घोराही उपमहानगर-पालिका-७ बेसाहीका अन्दाजी २५ वर्षीय जीप चालक वीरबहादुर चौधरी, दङ्गीशरण गाउँपालिका-७ श्रीगाउँ घर भई हाल घोराही उपमहानगरपालिका-१४ बस्ने अन्दाजी ४० वर्षका जिउधन चौधरी र उहाँकी श्रीमती अन्दाजी ३८ वर्षीया कमला चौधरी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार आज बिहान भएको दुर्घटनामा निर्माण सामग्री बोकेको जीप सडकबाट करिब ६०० मिटर तल खसेको थियो । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।

# एक लाख क्युफिट काठ निकाल्दै वन कार्यालय



चितवन । डिभिजन वन कार्यालय चितवनले चालु आर्थिक वर्षमा एक लाख क्युफिट काठ निकाल्ने भएको छ । कार्यालयले ढलेका, सुकेका (सुख्खड खडा र ढलापडा) लगायत काठ निकाल्ने तयारी गरेको हो ।

कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यले आगामी असारभित्रमा काठ सङ्कलन गरी बिक्री गर्ने तयारी गरिएको बताउनुभयो । कार्यालयअन्तर्गत रहेको वरण्डाभार वन क्षेत्रबाट काठ निकाल्न लागिएको हो । वरण्डाभार क्षेत्र १० हजार ३०२ हेक्टर रहेको उहाँले जानकारी दिनुभयो ।

वन कार्यालयले वरण्डाभार वन क्षेत्रबाट एक लाख क्युफिट काठ सङ्कलन गरेपछि केही काठ बिक्रीका लागि वन निगमलाई दिइने प्रमुख आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "चालिस लाख क्युफिट काठ वन निगमलाई दिन्छौं, बाँकी हामीले बिक्री गर्छौं ।"

गत वर्ष एक लाख २० हजार क्युफिट काठ निकालिएको थियो । यसैगरी, कार्यालयले जोखिमयुक्त स्थानका रुख पनि कटान गर्दैछ । प्रमुख आचार्यका अनुसार मानवीय र भौतिक क्षति हुनसक्ने ठाउँको पहिचान गरी रुख कटान गरिने छ ।

देवघाट जाने सडकका २५ वटा कटान गरिसकिएको जनाउँदै उहाँले भरतपुरबाट कालिका नगरपालिका जाने दुई वटा सडक किनारका र पूर्वपश्चिम राजमार्गको टिकौली जङ्गलको जोखिमपूर्ण रुख कटानको तयारी गरिएको समेत सो क्रममा बताउनुभयो ।

प्रमुख आचार्यका अनुसार कृषि तथा वन विज्ञान विश्वविद्यालय नजिक नहरमा रहेका सुकेका सिसौका रुख पनि कटान गर्ने तयारी गरिएको छ । उहाँले भन्नुभयो, "जङ्गल क्षेत्रभित्र रहेको भए तापनि बाटोको जोखिम, टेलिफोनको जोखिम, बिजुलीको जोखिम र हवाई जोखिम यी चार वटा जोखिम भएका स्थानका रुख कटान गरिन्छ ।"

सरकारी कार्यालयमा हुनसक्ने जोखिम मध्यनजर गर्दै आसपासका रुख पनि कटान गरिँदै छ ।

सशस्त्र प्रहरी कार्यालय आँपटारी र प्रहरी तालिम केन्द्रमा पनि केही रुख कार्टिँदैछ । वन क्षेत्रमा रहेका भूमिहीन तथा सुकुमवासी बस्तीका रुखहरु भने जोखिम भए पनि काट्न नमिल्ने प्रमुख आचार्यको भनाइ छ ।

भरतपुरतर्फको देवघाट क्षेत्र, आँपटारी, गणेशस्थानलगायत क्षेत्रमा रुखहरू जोखिमपूर्ण भए पनि कटान गर्न नमिल्ने प्रमुख आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "लालपुर्जा नभएका क्षेत्रमा जोखिम भए पनि रुख काट्ने जोखिम लिन सक्दैनौं । सरकारले निर्णय गरेर आयो भने गर्न सक्छौं, नत्र सकिँदैन ।"

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com